# अर्जुनधारा नगरपालिका
# राजस्व परामर्श समिति बैठक

बैठक संख्या: २२/०८०/०८१ मिति: २०८१/०२/२४

अध्यक्षता:

## उपस्थिति

| | | |
|---|---|---|
| कार्यवाहक नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| सचिव,प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

आज मिति २०८१ साल जेठ २४ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**१. निर्णयको समिक्षा ।**

अघिल्लो कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो।

**२. आइतवारे बजारको आन्तरिक आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को आन्तरिक आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा राजस्व परामर्श समितिको मिति २०८१ जेठ २३ गतेको बैठकको निर्णय तथा सिफारिस बमोजिम अर्जुनधारा नगरपालिका वडा नं. ३ स्थित खुदुनावारीमा रहेको आइतवारे बजार पशुचौपाय बिक्रि तथा साप्ताहिक हाटबजारको कर संकलनका लागि गत आ.ब.मा ठेक्का बस्दोबस्त भएको रकम रु ३८,०५,३०९।०० अक्षरेपी अठ्तिस लाख पाँच हजार तिन सय नौ रुपैया मात्रको १० % बृद्धि गरी (मु.अ.क. बाहेक) रु ४१,८५,८४०।०० अक्षरेपी एकचालिस लाख पच्चासी हजार आठ सय चालिस रुपैयामा ठेक्का आव्हान गर्न नगरकार्यपालिकामा सिफारिस भएकोमा उक्त हाट बजारको लागि आ.ब. २०८१/८२ मा रु ४५,००,०००।०० अक्षरेपी पैतालीस लाख न्युनतम कबोल अंक कायम गरी ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

**३.शनिश्चरे साप्ताहिक हाट बजारको ठेक्का बन्दोबस्त सम्बन्धमा ।**

राजस्व परामर्श समितिको मिति २०८१ जेठ २३ गतेको बैठकको निर्णय तथा सिफारिस बमोजिम अर्जुनधारा नगरपालिका वडा नं. ८ स्थित शनिश्चरे साप्ताहिक हाट बजार, बाख्रा बजार, केरा बजार र गोस हाटका लागि गत आ.ब.को ठेक्का आव्हान अंक (मु.अ.क. बाहेक ) रु ५,००,०००।०० अक्षरेपी पाँच लाखमा १०% बृद्धि गरी हुन आउने रकम रु ५,५०,०००।०० अक्षरेपी पाँच लाख पचाँस हजार (मु.अ.क. बाहेक )ठेक्का आव्हान गर्न राजस्व परामर्श समितिको निर्णयबाट नगरकार्यापालिकामा सिफारिस भएकोमा सिफारिस बमोजिम ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

**४.बिज्ञापन कर सम्बन्धमा ।**

राजस्व परामर्श समितिको मिति २०८१ जेठ २३ गतेको बैठकको निर्णय तथा सिफारिस बमोजिम अर्जुनधारा नगरपालिका क्षेत्रभित्र बिज्ञापन कर संकलनका लागि आन्तरिक आय ठेक्का बन्दोबस्तका लागि गत आ.ब.को (मु.अ.क. बाहेक )२,००,००१।०० अक्षरेपी दुई लाख एक रुपैयामा ठेक्का बन्दोबस्त भएको अंकमा १०% बृद्धि गरी (मु.अ.क. बाहेक )२,२०,००१।०० अक्षरेपी दुई लाख बिस हजार एक रुपैयामा ठेक्का आव्हान गर्न राजस्व परामर्श समितिबाट सिफारिस भइ आए बमोजिम ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

**५. कार्यक्रम संशोधन सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम अन्तर्गत देहाय बमोजिमको कार्यक्रम देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

| साविक कार्यक्रम | संशोधित कार्यक्रम | रकम (रु) |
|---|---|---|
| मेलमिलापकर्ताहरुका लागि पुनर्ताजगी तालिम | मेलमिलापकर्ताहरुको लागि अन्तरपालिका अन्तर्क्रिया कार्यक्रम | २ लाख २५ हजार |

**६.आर्थिक सहयोग सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं. २ कार्यालयको च.नं. १४९२ मिति २०८१/२/२२को आर्थिक सहायताको लागि सिफारिस सम्बन्धि प्राप्त पत्रानुसार अर्जुनधारा २ का स्थायी बासिन्दा पदम बराइलीकी श्रीमती सिता दर्जी ३ महिना अगाडी बैदेशिक रोजगारीको शिलशिलामा कुवेत गएकोमा हाल कार्यस्थलमानै अस्वस्थ्य भई स्वदेश फिर्ता गर्नु पर्ने भएको तर निजको आर्थिक सहायता अत्यन्तै कमजोर भएको कारण निजलाई स्वदेश फिर्ताका लागी आर्थिक सहायता बापत रकम उपलब्ध गराउन वडा कार्यालयबाट सिफारिस भई आए बमोजिमःसामाजिक सहायता अनुदान शीर्षकबाट निजको एक्सेल डे. बैंकमा रहेको बैंकखाता नं. ०२९०१९००२०३३२००००01 मा आर्थिक सहायता बापत मिति २०८१/०२/२३ गते भुक्तानी भएको रकम रु रु ३५,०००।०० अक्षरेपी पैतीस हजार रुपैया मात्र अनुमोदन गर्ने निर्णय गरियो ।साथै, बरपिपल कृषक समूह नौमति बाजा टोली अर्जुनधारा-१० लाई नगरपालिकाबाट रु १ लाख २० हजार रुपैया बाजा खरिदका लागि उपलब्ध गराउने निर्णय गरियो ।

**७.रकमान्तर सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं.६ का लागि चालु आ.ब. को स्वास्थ्य शिर्षकमा बिनियोजित भएको रु ४,००,०००।०० अक्षरेपी चार लाख मध्ये वडा कार्यालयको च.नं. ४५४३, मिति २०८१/०२/१३ को माग निवेदन बमोजिम सुकुम्वासी टोलमा नाला, ड्रेन तथा पेवर्स निर्माणका लागि रु २,००,०००।०० अक्षरेपी दुई लाख रुपैया मात्र रकमान्तर गर्ने निर्णय गरियो ।

**८. ज्यालादारीको रकम भुक्तानी तथा कार्यदेश सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं. ३ को कार्यालयको च.नं. २०९०, मिति २०८१/०२/१६ को प्राप्त पत्रअनुसार उक्त वडा कार्यालय तथा स्थानीय आइतवारे हाट बजारको सरसफाई गर्ने सफाई कर्मचारीले बिना जानकारी सरसफाइको काम छोडी अन्यन्त्र गएकोमा सरसफाईको काममा समस्या उत्पन्न भएको हुदा वडा कार्यालयको निर्णय अनुसार अर्जुनधारा ३ निवासी स्याम कुमारी दर्जीलाई मिति २०८०/१०/०१गते देखि दैनिक ज्यालादारी सफाई कर्मचारीको रुपमा कामकाजमा लगाइरहेको सन्दर्भमा वडा कार्यालयबाट प्रमाणित डोर हाजिरीको आधारमा कामकाज लगाइएको अवधी २०८०/१०/०१ गते देखी २०८१/०१/३० सम्मको डोर हाजीरी अनुसारको रकम भुक्तानी गरी निज श्याम कुमारी दर्जीलाई दैनिक सरसफाइ कर्मचरीको रुपमा कायदिश सहित कामकाजमा लगाउन वडा कार्यालयलाई जानकारी दिने निर्णय गरियो ।

**९. थप जनसहभागीको रकम सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको आ.ब. २०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रमका लागी यस नगरपालिका क्षेत्रभित्र संचालन हुने बिभिन्न किसिमका बिकास निर्माण तथा आयोजनाहरुका लागी थप जनसहभागी बापत रु १००,००,०००।०० अक्षरेपी एक करोड रुपैया बिनियोजन गर्ने निर्णय गरियो ।